जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९
जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभआरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक ०९२ | २०८२ साल मंसिर ०१ गते सोमवार | Monday-17-November-2025 | पृष्ठ संख्या-४ | मूल्य रु.५/-

## विभिन्न प्रतिकूलता बीच किसानलाई धान भित्र्याउने ठूलो चटारो

***शु.आ. सम्बाददाता***
***कलैया, ३० कार्तिक***

धान रोपाइँको समयमा पर्याप्त पानी नपर्ने, धान पाक्न थालेको संवेदनशील चरणमै बाढी आउनु तथा मल-खादको अभावले बालीमा प्रत्यक्ष असर पर्नु–यस्ता एकपछि अर्को चुनौती झेल्दै आएका किसानहरू अहिले उत्पादन भएको धान भित्र्याउन निकै चटारोमा छन् ।



सिँचाइ अभावका कारण ढिलो वा अपूरो रोपाइँ गर्नुपरेको धेरै किसानको अनुभव छ । त्यसमाथि धान पाक्ने बेलामा आएको असिनापानी र स्थानीय नदी-नालाबाट आएको बाढीले खेतमा उभिएको धानका बोटहरू ढलेका, भिजेका तथा केही क्षेत्रमा झन् नष्टसमेत भएका छन् । मल-खाद अभावले बालीको वृद्धि र उत्पादनमा पनि कमी आएको किसानहरूको गुनासो छ ।

यस्ता कठिन अवस्थामध्ये पनि खेतमै पाकेको धान बिग्रिन नदिन किसानहरू बिहानैदेखि कटनी, बोकाइ र भण्डारणको काममा खटिन बाध्य भएका छन् । मौसम अस्थिर भइरहेकाले ढिलो गर्नु जोखिमपूर्ण हुने हेक्का राख्दै किसानहरू अहिले धान भित्र्याउने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइरहेका छन् ।

महागढीमाई वडा नं २ का किसान गोपिचन गिरीको अनुसार खर्च बढेको, उत्पादन अपेक्षित नभएको र खेतीपातीमा जोखिम बढेको भए पनि झन्डै वर्षभरि लगानी र पसिना खन्याएको धान जोगाउनु नै अहिलेको मुख्य लक्ष्य बनेको बताएका छन् ।

कृषि प्राविधिक र स्थानीय तहले समेत पछिल्लो समय मौसम अस्थिर भएको कारण पाकेको धान छिटो कटनी गरी सुरक्षित भण्डारण गर्न किसानलाई आग्रह गरेको छ ।

## खानेपानी डिभिजन कलैयामा २३ वटा ठेक्का हेरफेर प्रकरण : अख्तियारले विशेष अदालतमा आरोपपत्र दायर

***बारा, ३० कार्तिक***

खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, डिभिजन नं. ४ कलैयामा आयोजना गरिएका २३ वटा निर्माण तथा मर्मत कार्यका टेन्डर प्रक्रियामा व्यापक अनियमितता र मिलेमतो भएको ठहर गर्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले संलग्न कर्मचारी र व्यवसायीहरूमाथि विशेष अदालतमा आरोपपत्र दायर गरेको छ ।




आर्थिक वर्ष २०७९/८० का लागि तय गरिएका योजनाहरू अन्तर्गत २३ वटा बोलपत्र आह्वानको सूचना सार्वजनिक खरिद ऐन २०६३ बमोजिम राष्ट्रियस्तरको दैनिकमा प्रकाशन गर्नुपर्ने प्रावधान छ । तर डिभिजन कार्यालयका तत्कालीन निमित्त प्रमुख किशोरी प्रसाद यादव, लेखापाल प्रदीप दास, सान्दर्भिक मिडिया नेटवर्क प्रा.लि.का प्रबन्धक निशान्त बस्नेत र प्रभाव दैनिकका प्रबन्धक सन्तोषराज खरेलबीच मिलेमतो गरी सूचना रोकिएको, नक्कली प्रकाशन मिति देखाई ठेक्का प्रक्रियामा हेरफेर भएको अख्तियारको अनुसन्धानमा पुष्टि भएको छ ।

अख्तियारका अनुसार, प्रभाव दैनिकमा २०७९ माघ २१ गते टेन्डर सूचना प्रकाशित भएको भनी कार्यालयले दाबी गरे पनि, सोही मितिको पत्रिकामा कुनै पनि पृष्ठमा टेन्डर सूचना नभेटिएको छ । सूचना रोकिराखी ठेक्का प्रक्रियालाई मनपरी ढंगले अघि बढाइएको ठहरसमेत गराइएको छ । अनियमिततामा संलग्न समूहद्वारा रु. तिन लाख १६ हजार ५७० बराबरको आर्थिक हानि गर्ने प्रयत्न भएको र सोही रकम असूल उपर गर्नुपर्ने माग सहित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८(१)(ङ) तथा दफा २२ अनुसार कारबाहीको माग गर्दै विशेष अदालत काठमाडौँमा मुद्दा दायर गरिएको अख्तियारले जानकारी दिएको छ ।

अख्तियारका प्रवक्ता राजेन्द्रकुमार पौडेलले सार्वजनिक पदमा बसेका व्यक्तिद्वारा गरिने सूचना हेरफेर, कागजात नक्कली बनाउनेजस्ता कार्य गम्भीर अपराध भएको उल्लेख गर्दै भ्रष्टाचारका विरुद्ध कडा रूपमा अघि बढ्ने बताउनुभएको छ ।

यो प्रकरण सरकारी खरिद प्रक्रियामा पारदर्शिता र जवाफदेहिताका विषयमा समेत गम्भीर प्रश्न खडा गरेको छ ।

## देवाही गोनाही नगरपालिकाको नगरसभा सम्पन्न ५३करोड भन्दा बढीको बजेट प्रस्तुत

***रुपेश यादव***
***रौतहट, ३० कार्तिक***

रौतहटको देवाही गोनाही नगरपालिकाले आर्थिक वर्ष २०८२/८३का लागि ५३ करोड १६ लाख ३२ हजार ६ सय ७६ रुपैयाँको बजेट ल्याएको छ । देवाही गोनाही नगरपालिकाले आगामी आर्थिक वर्ष २०८२/८३ मा कृषिलाई प्राथमिकता दिएर नीति कार्यक्रम ल्याएको छ । देवाही गोनाही नगरपालिकाको आइतबार सम्पन्न नगर सभा तथा ११औं अधिवेशनमा नगर प्रमुख प्रेमलाल साहले देवाही गोनाही नगरपालिकालाई शिक्षा, स्वास्थ्य, खेलकुद, कृषि, यातायात, खानेपानी तथा सरसफाइ, विद्युत, भौतिक पूर्वाधार निर्माण कार्य, पर्यटन तथा संस्कृति लगायतको क्षेत्रलाई प्राथमिकतामा राखेर कृषिलाई विशेष प्राथमिकतामा राखेर नीति कार्यक्रम प्रस्तुत गर्नुभएको हो ।




कृषिको विकासका लागि पालिकाभित्र कृषियोग्य भूमिमा नियमित सिँचाइ गर्न नगर क्षेत्रभित्र रहेका सम्भावित खोला, सिमसारलगायत क्षेत्रमा पानीको मुहान संरक्षण, भूमिगत जलभण्डार स्थिर राख्नु साथै सिँचाइ, पर्यटन, रोजगारी सिर्जना गरी नगरवासीको आर्थिक स्तर उकास्ने नीति सार्वजनिक गर्नुभएको हो । देवाही गोनाही नगरपालिकाले नगर क्षेत्रमा निर्माण भएका जलाशयमा निजी क्षेत्रसँगको साझेदारीमा व्यवसाय सञ्चालन गरिने र कृषि उत्पादन एवं उत्पादकत्व बढाउन बहुउद्देश्यीय जलाशय निर्माण गरिने भएको छ । नगरप्रमुख साहले नगर सभामा उत्पादनको आधारमा विभिन्न वडालाई बाली विशेषको पकेट क्षेत्र पहिचान तथा विस्तार गरिने उल्लेख गर्नुभयो । बाँझो तथा उपयोगविहीन जमिनलाई कृषि उत्पादन कार्यमा उपयोग गर्न तथा करार खेतीलाई प्रोत्साहन गर्न भूमि बैङ्कको अवधारणा कार्यान्वयन गर्ने उल्लेख छ ।

पर्यटन तथा संस्कृति प्रवर्धनका लागि कला, साहित्य, संस्कृतिको संरक्षण तथा प्रवर्धनका साथै अध्ययन अनुसन्धानमा जोड दिइने भएको छ । पर्यटकीय सम्पदाको प्रचारप्रसार गर्न डिजिटल प्रविधिको प्रयोगमा जोड दिइने नीति तथा कार्यक्रममा उल्लेख छ । बेरोजगार युवा, वैदेशिक रोजगारीबाट फर्किएका, गरिबीको परिचयपत्र प्राप्त परिवार तथा मुक्त कमलरी, शारीरिक रूपमा अशक्त, एकल महिला परिवारलाई लक्षित गरी कृषि तथा गैरकृषिसम्बन्धी आयमूलक सिप सिकाइने नीति तथा कार्यक्रममा उल्लेख छ । नगरपालिकालाई वातावरणमैत्री बनाउनका लागि धुँवारहित घोषणा गर्ने, नगर क्षेत्रको विकास तथा स्थानीयस्तरमा रोजगारी सृजनाका लागि लघु, घरेलु तथा साना उद्योग, कृषि र पशुपालनमा जोड दिनेलगायत क्षेतत्रगत नीतिमा उल्लेख गरिएको प्रमुख प्रशासकीय अधिकृत महम्मद शेरे मुस्तफाले जानकारी दिए ।

कार्यक्रममा वडा अध्यक्षहरु वडा सदस्य कार्यपालिका सदस्य विभिन्न शाखा प्रमुखहरु कर्मचारीहरु स्थानीय भद्र भलादमी बुद्धिजीवी सुरक्षाकर्मी तथा सञ्चारकर्मीहरुको उल्लेखनीय उपस्थिति रहेको थियो ।

## आफ्नै बुवामाथि ८० लाखको चेक बाउन्स मुद्दा,भोकभोकै भौतारिदै गरेका बुवाले रूदै भने यस्तो छोरा कसैलाई नहोस

***साजिर मन्सूर***
***कलैया, ३० कार्तिक***

बाराको जितपुर सिमरा उपमहानगरपालिका-२० कंचनपुरका महम्मद साहबजान अँसारीले आफ्नै छोरा समि अख्तर अँसारीबाट पीडित भएको दाबी गरेका छन् । बारा सदरमुकाम कलैयामा पत्रकार सङ्गको भेटमा उनले छोरा समि अख्तर अँसारीले घरभित्र राखिएको चेक चोरी गरी एनआईसी एशिया बैंक, जितपुर शाखाका म्यानेजरसँग मिलेमतोमा ८० लाख रुपैयाँको रकम भरी किर्ते हस्ताक्षर गरि चेक बाउन्स गराइ मुद्दा दर्ता गराएको आरोप लगाएका छन । चेक बाउन्स प्रकरणपछि छोराले सोही आधारमा बुवाविरुद्ध अदालतमा मुद्दा हालेको र त्यसका कारण आफू घरै बिहिन भएको अँसारीको रोदन छ । घरबाट निष्काासित जस्तै भएपछि छोरीको घरमा बस्न बाध्य भएको उनले बताएका छन् ।



अँसारीका अनुसार छोराहरुलाई पहिल्यै अंश-बन्डा गरेर दिएको भए पनि जिविकोपार्जनका लागि केही जग्गा मात्र आफ्नै नाममा राखिएको थियो । सोही बाँकी जग्गा समेत हडप्ने उद्देश्यले छोराले जालझेलपूर्वक चेक बाउन्स मुद्दा थोपरेको उनको आरोप छ। उनले आफ्नो श्रीमतिलाई क्यान्सर भएर चेकजाँच गराउन गएको बेला छोराले यस्तो कुकर्म गरेको बताए । आफ्नै आमालाई अन्तिम छणमा समेत अस्पतालमा हेर्न समेत नजाने त्यस्ता पापी छोरालाई अल्लाहले समेत त्यस्तै फल दिने आँसु झार्दै बुवा अन्सारीले भने । उक्त विषयमा आरोपित छोरा समिअख्तर अँसारी सँग बुझ्न खोज्दा उनले आफू बिहेमा भएकोले पछि कुरा गर्ने भन्दै फोन काटेका छन । त्यसतै बैंक पछ तर्फबाट भने आधिकारिक प्रतिक्रिया प्राप्त हुन बाँकी छ ।

घटनाबारे विस्तृत अनुसन्धान हुनुपर्ने स्थानीयको पनि माग छ । साथै स्थानियले अन्सारी अत्यन्तै सोझा सरल ईमान्दार भएको र उनलाई न्याय दिनुपर्ने संबंधित निकायसँग गुहार गरेका छन ।

## प्रसौनी-५ मा तास्केश्वर नाथ जीनाथ बाबा मन्दिर परिसर तथा प्रष्टोका बजार क्षेत्रमा सरसफाइ अभियान सम्पन्न

***शु.आ. सम्बाददाता***
***बारा, ३० कार्तिक***

तास्केश्वर नाथ जीनाथ बाबा मन्दिर परिसर र प्रष्टोका बजार क्षेत्रमा आइतबार व्यापक सरसफाइ कार्यक्रम सम्पन्न गरिएको छ । "आफ्नो ठाउँ आफैं सफा राखौं" भन्ने नारासहित सामुदायिक प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत मेलाको अघिल्लो दिन गरिएको यस अभियानमा स्थानीयको उल्लेखनीय सहभागिता रहेको थियो ।

जिननाथ बाबा सहकारी संस्था, स्थानीय समाजसेवी, युवा, बुद्धिजीवी तथा पत्रकारहरूको सक्रिय उपस्थितिमा बजार क्षेत्रदेखि मन्दिर परिसरसम्मको फोहर व्यवस्थापन र सरसफाइ गरिएको नेपाली कांग्रेस बारा क्षेत्र नं. ४(ख) का सभापति लोकेश सिंहले जानकारी दिए ।

आगामी मंसिर १ र २ गते मन्दिर परिसरमा आयोजित वार्षिक दुईदिने मेलालाई सभ्य, भव्य र व्यवस्थित बनाउन सरसफाइ अभियानले महत्वपूर्ण भूमिका खेल्ने आयोजकहरूको भनाइ छ ।

सहकार्य र सहभागिताप्रति सन्तुष्टि जनाउँदै स्थानीयवासीहरूले सरसफाइ अभियानलाई आगामी दिनमा पनि निरन्तरता दिन आग्रह गरेका छन् ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - विश्रामपुर गाउँपालिका, बारा

**शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी**

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम विहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com

## सम्पादकीय..........

# कलैया बजारमा माछाको सुकुटीको बढ्दो लोकप्रियता

तराई-मधेसमा परम्परागत रुपमा तरकारी सुकाएर खाने चलन रहेको छ भने पछिल्ला वर्षहरुमा माछाको सुकुटीप्रति उपभोक्ताको रूचि तीव्र रुपमा बढ्दै गएको छ । विशेष गरी कलैया बजारमा माछाको सुकुटी अब नयाँ आकर्षणको केन्द्र बन्न पुगेको छ ।

भारत-नेपाल सीमावर्ती भू-भागमा अवस्थित कलैयामा ताजा माछा र सुकुटी दुवै सहज रुपमा उपलब्ध हुनु बजारमा यसको लोकप्रियता बढाउने मुख्य कारण हो । उपभोक्ताहरु विभिन्न प्रकारका माछा छनोट गर्न पाउँदा बजारमा प्रतिस्पर्धा र विविधताको अनुभव गर्न सक्छन् ।

माछाको सुकुटी पकाउन सजिलो, लामो समयसम्म सुरक्षित राख्न मिल्ने र खानामा विशेष स्वाद थप्ने भएकाले अहिले यसलाई दैनिक उपभोगका साथै चाडपर्व, जाडो महिनाका भोज र पारिवारिक अवसरमा बढी माग हुने गरेको छ । उपभोक्ताहरुको विश्वास र रूचिले कलैया बजारलाई सुकुटी किनमेलको उपयुक्त गन्तव्य बनाएको छ ।

तर, बढ्दो मागसँगै गुणस्तर, स्वच्छता र आपूर्ति व्यवस्थापनमा पनि ध्यान आवश्यक छ । स्थानीय प्रशासन, व्यापारी र उपभोक्ताको सहकार्यले मात्र माछाको सुकुटीलाई स्थायी रुपमा लोकप्रिय र गुणस्तरीय बनाइ राख्न सकिन्छ ।

कलैया बजारले माछाको सुकुटीलाई स्थानीय पहिचानको रुपमा विकास गर्न सक्छ । गुणस्तरीय उत्पादन, व्यवस्थित बजार र निरन्तर आपूर्ति सुनिश्चित गरेमा यस क्षेत्रको सुकुटी व्यापारले नयाँ उचाइ प्राप्त गर्ने सम्भावना छ ।

# एआईबाट सम्भव छ सामाजिक परिवर्तन

*नारायण न्यौपाने*

कृत्रिम बुद्धिमत्ता (आर्टिफिसियल इन्टेलिजेन्स) अर्थात् एआई भन्नेबित्तिकै धेरैको दिमागमा च्याटबट अथवा सामाजिक सञ्जालमा राखिएका नयाँ तरिकाले सिर्जना गरिएका फोटो तथा भिडियोहरू आउन सक्छन् । तर, जे होस्, आजभोलि समसामयिक प्रविधिको रूपमा एआईको प्रयोग निकै नै बढेको देख्न सकिन्छ । आधुनिक जीवनमा धेरैमध्ये एआई डिजिटल युगको अर्को संवाहक बन्दै छ । यो केवल प्रविधिमै सीमित छैन, यस प्रविधिकै कारणले धेरै सामाजिक क्षेत्रहरूमा बहुआयामिक, बहुउपयोगी तरिकाले समाजमा परिवर्तन ल्याइरहेको छ । यो हाम्रो दैनिक जीवनको अभिन्न हिस्सा बनिसकेको छ ।

धेरै राम्रा र केही गलत प्रयोगकै कारणले नयाँ प्रकारका समस्याहरू पनि ल्याइरहेको छ । प्रविधिको पछिल्लो विकाससँगै यसको सही सदुपयोग गरेमा मानव जीवनले धेरै सहजता पाउने निश्चित छ । एआई, रोबोट र मेसिन लर्निङ जस्ता विषय एकअर्कासँग सम्बन्धित हुनुका साथै विभिन्न तरिकाले एकआपसमा जोडिएका छन् । जसले हाम्रो जीवनलाई सरल, प्रभावकारी र सुरक्षित पनि बनाइरहेका छन् । एआई कति महत्वपूर्ण बन्दैछ भन्ने विषय संयुक्त राज्य अमेरिकामा ट्रम्पको आगमनसँगै ५ सय अर्ब डलरको स्टारगेट पूर्वाधार विकासका लागि गरिएको घोषणाबाट पनि आँकलन गर्न सकिन्छ ।

साथै माइक्रोसफ्टको ४८० अर्बको डेटा केन्द्र योजना, यसको उदाहरण हो साथै, नयाँ नियमले नवप्रवर्तनलाई प्राथमिकता दिएको छ । त्यसैगरी, युरोपेली संघले एआई विकासका लागि संरचित नियम र रणनीतिक लगानीमा जोड दिएको छ । २०२४ मा लागू गरिएको एआई नीतिमार्फत उच्च जोखिम प्रणालीमा कडा नियमन गरिएको छ । इनभेस्ट एआई (कृत्रिम बुद्धिमत्तामा लगानी) अन्तर्गत २०० अर्ब युरो लगानी, गिगाफ्याक्ट्री निर्माण र पेरिसमा एआई अनुसन्धान केन्द्र स्थापना गरी नवप्रवर्तन र नैतिक विकासलाई प्रोत्साहन गरिएको छ । विविध तरिकाबाट विभिन्न क्षेत्रमा यसको प्रयोग र विकास अत्यन्त तीव्र गतिमा साथै यसको प्रयोग विभिन्न तरिकाले भइरहेको छ। सँगसँगै विभिन्न क्षेत्रमा बढ्दो पनि छ । केही उदाहरणका लागि स्वास्थ्य सेवामा, एआईले रोग पहिचान, उपचार योजना र औषधि विकासमा क्रान्ति ल्याएको छ, जस्तै डिप माइन्डले आँखाको रोग पत्ता लगाउन प्रविधि विकास गरेको छ । शिक्षामा, विभिन्न विश्वविद्यालयजस्ता संस्थाहरूले विद्यार्थीलाई व्यक्तिगत शिक्षा अनुभव दिन एआई प्रयोग गर्छन् । कृषिमा ब्लु रिबर टेक्नोलोजीले खेतका बिरुवाहरूको स्वास्थ्य जाँच गर्न एआई प्रविधि विकास गरेको छ । व्यापार तथा वाणिज्यमा, अमेजनले ग्राहकहरूलाई उनीहरूको रुचिअनुसार उत्पादन सिफारिस गर्न एआई प्रयोग गर्छ ।

मनोरञ्जन क्षेत्रमा, नेटफ्लिक्सजस्ता कम्पनी तथा एपहरूले प्रयोगकर्तालाई मनपर्ने चलचित्रहरू सिफारिस गर्न एआई प्रविधि अपनाएको छ यसरी, एआई विश्वका धेरै क्षेत्रमा प्रभाव पार्दैछ । एआईले हाम्रो दैनिक जीवनका धेरै क्षेत्रमा महत्वपूर्ण परिवर्तन ल्याइरहेको छ । विकसित देशहरूमा स्वचालित गाडीहरू, जस्तै टेस्ला, ट्राफिक चिह्न र बाटोको अवस्था पहिचान गरी सुरक्षित यात्रा सम्भव बनाइरहेका छन् । नेपालमा अहिले यो प्रविधि व्यापक रूपमा प्रयोगमा नआए पनि भविष्यमा यसको आवश्यकता बढ्दै जाने देखिन्छ । नेपालमा सडक पूर्वाधार र यातायात प्रणाली सुधार हुँदै गएकाले सम्बन्धित निकायहरूले एआई प्रविधिलाई समावेश गर्दै लैजानु जरुरी देखिन्छ । स्वास्थ्य क्षेत्रमा पनि एआई प्रविधिले ठूला सुधारहरू गरिरहेको छ । आईबीएमको वटसन हेल्थजस्ता प्रणालीहरूले रोगको प्रारम्भिक पहिचान गर्न मद्दत गरिरहेका छन्, जसले गर्दा उपचार छिटो, सस्तो र प्रभावकारी बन्न सक्छ । नेपालमा पनि केही अस्पतालहरूले एआई प्रविधि अपनाउँदै गरेका छन्, जसले भविष्यमा अझ राम्रो स्वास्थ्य सेवा उपलब्ध गराउन सक्छ ।

त्यस्तै, स्मार्ट सहायकहरू, जस्तै एप्पलको सिरी, अमेजनको एलेक्सा र गुगल असिस्टेन्ट, हाम्रो दैनिक जीवनलाई सहज बनाउन प्रयोग भइरहेका छन् । यी प्रविधिले मौसम जानकारी दिने, अलार्म सेट गर्ने, तथा स्मार्ट उपकरणहरू नियन्त्रण गर्ने जस्ता काम गर्छन् । नेपालमा अझै सबै ठाउँमा स्मार्ट सहायकहरूको व्यापक प्रयोग नभए पनि, बिस्तारै प्रविधिमा अभ्यस्त हुँदै जाँदा यसको लोकप्रियता बढ्दै गएको छ । ई-कमर्स क्षेत्रमा पनि एआई प्रविधिको प्रयोग बढ्दो छ । अमेजन र दराजजस्ता अनलाइन व्यापारिक प्लेटफर्महरूले ग्राहकहरूको रुचिअनुसार उत्पादन सिफारिस गर्न एआई प्रयोग गर्छन्, जसले अनलाइन किनमेललाई सहज बनाएको छ । कृषिमा एआई र ड्रोन प्रविधिले किसानहरूलाई माटोको गुणस्तर जाँच, मल तथा पानी व्यवस्थापन र बालीको उत्पादन सुधार गर्न सहयोग गरिरहेको छ । नेपालजस्तो कृषिप्रधान देशमा पनि प्रविधिको सही उपयोग गर्न सकेमा उत्पादन वृद्धि हुने सम्भावना धेरै छ । साइबर सुरक्षामा, बैंक तथा वित्तीय संस्थाहरूले अनधिकृत पहुँच रोक्न र ह्याकिङ प्रयास पत्ता लगाउन एआई प्रविधिको उपयोग गरिरहेका छन् । नेपालमा पनि बैंकिङ प्रणाली डिजिटल बन्दै गएकाले साइबर सुरक्षामा एआईको भूमिका झन् महत्वपूर्ण हुँदै गइरहेको छ । यसरी, एआई प्रविधि विश्वभर मात्र होइन, नेपालमा पनि विस्तार हुँदै गइरहेको छ । विभिन्न क्षेत्रमा यसको प्रभाव देखिन थालिसकेको छ, जसले भविष्यमा हाम्रो जीवनलाई अझ सहज, सुरक्षित र प्रभावकारी बनाउनेछ । एआईले सामाजिक सञ्जालमा सकारात्मक र नकारात्मक दुवै प्रभाव पारिरहेको छ । सकारात्मक रूपमा, यसले व्यक्तिगत सामग्री सिफारिस प्रणाली सुधार गरेर प्रयोगकर्ताहरूलाई उनीहरूको रुचिअनुसार पोस्ट, भिडियो र समाचार देखाउने काम गर्छ । साथै, यसले फेक न्यूज पहिचान गर्न, आपत्तिजनक सामग्री हटाउन र ग्राहक सेवा सुधार गर्न सहयोग पुऱ्याएको छ । तर, नकारात्मक रूपमा, गलत सूचना फैलाउने, डीपफेक भिडियोहरू सिर्जना गर्ने तथा सामाजिक सञ्जालको एल्गोरिदमले एकपक्षीय विचारधाराको विस्तार गर्ने खतरा बढेको छ ।

साथै, नक्कली खाता तथा स्प्याम बोटहरूमार्फत गलत प्रचार गर्ने, मानिसहरूलाई भावनात्मक रूपमा प्रभावित पार्ने र निजताको हनन गर्ने समस्याहरू पनि देखिएका छन् । तसर्थ, एआईको जिम्मेवार प्रयोग, उचित नियमन र सचेतना आवश्यक छ । नेपालजस्ता विकासशील देशहरूमा एआई केवल प्रविधि मात्र नभई आर्थिक, सामाजिक र प्राविधिक उन्नतिको प्रमुख साधन बन्न सक्छ । यसको प्रभावकारी प्रयोगले शिक्षा, स्वास्थ्य, कृषि, यातायात र व्यापारजस्ता क्षेत्रमा उल्लेखनीय सुधार ल्याउन सक्ने सम्भावना छ । सही नीति, पूर्वाधार विकास र दक्ष जनशक्ति तयार गर्न सकेमा एआईले नेपाललाई डिजिटल युगमा नयाँ उचाइमा पुऱ्याउन सक्छ । शिक्षा क्षेत्रमा, डिजिटल प्रविधिको प्रयोगले दुर्गम ठाउँका विद्यार्थीलाई गुणस्तरीय शिक्षा उपलब्ध गराउने अवसर सिर्जना गरिरहेको छ । अनलाइन पाठ्यक्रम र आभासी शिक्षकहरूले व्यक्तिगत शिक्षण अनुभव प्रदान गरिरहेका छन् । स्वास्थ्य क्षेत्रमा, एआई आधारित टेलिमेडिसिन सेवाले दुर्गम क्षेत्रका बिरामीहरूलाई सहज परामर्श र उपचार उपलब्ध गराइरहेको छ । एआई प्रविधिको मद्दतले रोग पहिचान प्रणालीहरू विकास गर्न सकिन्छ, जसले स्वास्थ्य सेवाको प्रभावकारिता बढाउँछ । रोजगारीका अवसरहरू पनि एआईको प्रभावमा छन् । यद्यपि, केही पारम्परिक कामहरू हराउन सक्छन् । नयाँ प्रकारका रोजगारीहरू सिर्जना भइरहेका छन् । जस्तै, डेटा विश्लेषण, एआई विकास र प्रविधि व्यवस्थापन । नेपालमा पनि एआईसम्बन्धी तालिम तथा सीप विकास कार्यक्रम सञ्चालन गरेर रोजगारी वृद्धि गर्न सकिन्छ । कृषि क्षेत्रमा, एआई प्रविधिको प्रयोगले स्मार्ट खेतीको अवधारणालाई

अघि बढाउन सक्छ । माटोको परीक्षण, जल व्यवस्थापन र मलको उचित प्रयोग व्यवस्थापन गर्न एआई प्रयोग गर्न सकिन्छ । नेपालजस्ता कृषिप्रधान देशहरूका लागि यो प्रविधि निकै लाभदायक हुन सक्छ ।

प्राविधिक विकास र साइबर सुरक्षा पनि एउटा महत्वपूर्ण क्षेत्र हो । जसमा नेपालजस्ता मुलुकहरूमा एआईको प्रभावकारी प्रयोगका लागि डिजिटल पूर्वाधार आवश्यक छ । इन्टरनेट पहुँच, डेटा केन्द्र र क्लाउड सेवाको विकास अनिवार्य छ । नेपाल सरकारले डिजिटल प्रविधिमा लगानी गरेर एआईको सही उपयोग सुनिश्चित गर्न आवश्यक छ । साइबर सुरक्षामा, एआई प्रणालीहरूले अनधिकृत पहुँच तथा ह्याकिङ प्रयासहरू पत्ता लगाएर डिजिटल सुरक्षा सुधार गर्न मद्दत गर्छन् । डिजिटल कारोबार तथा अनलाइन सेवाप्रदायकहरूलाई सुरक्षित वातावरण उपलब्ध गराउन एआई महत्वपूर्ण भूमिका खेल्न सक्छ ।


एआईका कारण नयाँ रोजगारी सिर्जना हुने साथै हालको रोजगारीमा केही चुनौतीपूर्ण परिस्थिति उत्पन्न हुने सम्भावनाबारे आम चासो देखिन्छ, जुन स्वाभाविक पनि हो । एआई प्रविधिको विकासले नयाँ रोजगारी सिर्जना गर्ने अवसर ल्याए पनि परम्परागत रोजगारीमा केही चुनौती निम्त्याउन सक्छ । स्वचालित प्रणालीको प्रयोगले उत्पादन उद्योग, बैंकिङ, ग्राहक सेवा, यातायात र खुद्रा व्यवसायमा मानव श्रमको आवश्यकता घटाउन सक्छ, जसले कतिपय पुराना कामहरू प्रतिस्थापन हुन सक्छन् । तर, यसको सकारात्मक पक्ष हेर्ने हो भने, एआईले डाटा साइन्स, मेसिन लर्निङ, साइबर सुरक्षा, रोबोटिक्स र डिजिटल मार्केटिङजस्ता नयाँ क्षेत्रमा रोजगारीको अवसर सिर्जना गरिरहेको छ । यस्तो परिवर्तनलाई सहज बनाउन, सीप विकास, प्रविधिसँग सहकार्य र प्रभावकारी नीतिगत व्यवस्थापन आवश्यक छ । यदि नेपालले प्रविधि अपनाउने मात्र नभई आवश्यक सीप विकासमा ध्यान दिएमा एआईले बेरोजगारी घटाएर समग्र आर्थिक वृद्धिमा टेवा पुऱ्याउन सक्छ ।

एआईको प्रभावकारी प्रयोगले नेपाललाई मात्र होइन, सम्पूर्ण विकासशील राष्ट्रहरूलाई आर्थिक र सामाजिक रूपान्तरणको नयाँ युगतर्फ डोहोऱ्याउन सक्छ । प्रविधि तीव्र गतिमा विकसित भइरहेकाले यसलाई सही रूपमा अवलम्बन गर्नु अहिलेको आवश्यकता हो । यदि नेपालले एआईलाई व्यवस्थित रूपमा विकास गर्न सक्यो भने यसले शिक्षा, स्वास्थ्य, यातायात, कृषि, व्यापार र साइबर सुरक्षाजस्ता विभिन्न क्षेत्रमा आमूल परिवर्तन ल्याउन सक्छ । नेपालमा अहिले निजी क्षेत्रका केही प्रविधि विज्ञ तथा स्टार्टअपहरूले एआईको प्रयोगमा अग्रसरता लिइरहेका छन् । साथै, नेपाल सरकार पनि राष्ट्रिय आर्टिफिसियल इन्टेलिजेन्स नीति २०८१ को मस्यौदामा कार्यरत छ, जुन एआई प्रविधिको रणनीतिक विकासका लागि सकारात्मक पहल हो । तर, यसलाई अझ प्रभावकारी बनाउन नीति निर्माणलाई तीव्रता दिनुका साथै विज्ञहरूसँग व्यापक परामर्श गरी छिटो कार्यान्वयन गर्नु आवश्यक छ ।

नेपालले एआईलाई दिगो रूपमा विकास गर्न तीनवटा प्रमुख पक्षमा ध्यान दिनुपर्छ- पूर्वाधार निर्माण, मानव संसाधन विकास र नीतिगत स्पष्टता । पहिलो, एआई सम्बद्ध प्रविधिहरू सञ्चालन गर्न आवश्यक डिजिटल पूर्वाधारलाई सुदृढ गर्नुपर्छ । दोस्रो, विश्वविद्यालयहरूमा प्रविधि शिक्षाको विस्तार गर्दै एआई सम्बन्धी पाठ्यक्रम विकास गरिनु आवश्यक छ, जसले दक्ष जनशक्ति तयार पार्न मद्दत गर्छ । तेस्रो, सरकारले प्रभावकारी नीति निर्माण गर्दै अनुसन्धान, लगानी र नवाचारलाई प्रवर्द्धन गर्ने वातावरण सिर्जना गर्नुपर्छ ।

यदि, यी पहलहरू सफलतापूर्वक कार्यान्वयन गरिएमा नेपालले एआई प्रविधिको उपयोग गर्दै डिजिटल रूपान्तरणलाई तीव्रता दिन सक्नेछ । एआईको सही प्रयोगले देशको समग्र विकासलाई गति दिँदै नेपाललाई प्रविधिमा आत्मनिर्भर राष्ट्र बनाउने दिशामा अघि बढाउनेछ । अब आवश्यक कुरा भनेको इच्छाशक्ति, सही योजना र तीव्र कार्यान्वयन हो ।

गौर प्राथमिक कान उपचार केन्द्र
गौर – १, रौतहट
यहाँ कान सम्बन्धी विभिन्न रोगको अनुभवी डाक्टर तथा आधुनिक मेशिन द्वारा उपचार गरिन्छ



सम्पर्क नं – + ९७७ ९८५११९१०५०,९८४४४४४३४७
इंडियन नं :– +91 8935959150
सम्पर्क स्थान :– जिल्ला प्रशासन कार्यालय गौर दक्षिण तर्फ , शिवालय मंदिर से उत्तर

## अन्तराष्ट्रिय समाचार

# चीनको अन्तरिक्ष स्टेशनबाट चार मुसा र अन्तरिक्ष विज्ञान नमुनाहरु सफलतापूर्वक फिर्ता, वैज्ञानिकलाई बुझाइने

***बेइजिङ–*** अन्तरिक्षमा जीवन-विज्ञान परीक्षणका लागि पठाइएका चार वटा मुसासहितको अन्तरिक्ष विज्ञान प्रयोग नमुनाहरूको नवौं ब्याच शुक्रबार चीन अन्तरिक्ष स्टेशनबाट शेन्झोउ-२१ अन्तरिक्ष यानमार्फत सफलतापूर्वक पृथ्वीमा फर्किएको छ।

यी नमुनाहरू शनिबार बिहान नै चिनियाँ वैज्ञानिकहरूको टोलीलाई औपचारिक रूपमा हस्तान्तरण गरिएको ग्लोबल टाइम्सले चिनियाँ एकेडेमीका स्रोतहरू उद्धृत गर्दै जानकारी दिएको छ।



फिर्ता गरिएका नमूनाहरूमा जीवन विज्ञान, सामग्री विज्ञान तथा दहन विज्ञानसँग सम्बन्धित कुल २६ प्रयोगात्मक परियोजनाहरू समावेश छन्। यसमा नौ प्रकारका जीवन विज्ञान नमूना, ३२ प्रकारका सामग्री विज्ञान नमूना तथा तीन प्रकारका दहन विज्ञान नमूना रहेका छन्, जसको संयुक्त तौल करिब ४६.६७ किलोग्राम रहेको छ।

वैज्ञानिकहरूले पृथ्वी फर्काइएका मुसाहरूको व्यवहार, प्रमुख शारीरिक सङ्केतकहरू तथा जैव-रासायनिक सूचकहरूको प्रारम्भिक परीक्षण गर्दै अन्तरिक्ष वातावरणमा देखिने तनाव प्रतिक्रिया तथा अनुकूली परिवर्तनहरूको विश्लेषण गर्ने तयारी गरेका छन्। यस्ता परीक्षणहरूले जीवित जीवहरूमा अन्तरिक्ष वातावरणले पार्ने व्यापक प्रभाव बुझ्न महत्त्वपूर्ण वैज्ञानिक आधार प्रदान गर्नेछन्।

मुसाहरूबाहेक जेब्राफिस, हर्नवोर्ट, स्ट्रेप्टोमाइसेस, प्लानेरियन, मस्तिष्क अर्गनोइड्स जस्ता अन्य जीवन विज्ञान नमुनाहरू समेत बेइजिङस्थित स्पेस एप्लिकेसन इन्जिनियरिङ एन्ड टेक्नोलोजी सेन्टरमा पुऱ्याइएका छन्। केन्द्रले यी नमुनाहरू वैज्ञानिकहरूलाई थप प्रयोगका लागि हस्तान्तरण गर्नु अघि तिनको संरचना तथा अवस्थाको विस्तृत निरीक्षण र पुष्टि गर्नेछ। यसैगरी, बाँकी सामग्री विज्ञान र दहन विज्ञान भएका नमुनाहरू पनि चरणबद्ध रूपमा शेन्झोउ-२१ यानको रिटर्न क्याप्सुलमार्फत बेइजिङ पठाइने कार्यक्रम रहेको छ।

वैज्ञानिकहरूले त्यसपछि फर्काइएका जीवन विज्ञान नमूनाहरूमा ट्रान्सक्रिप्टोमिक सिक्वेन्सिङ, प्रोटिओमिक्स विश्लेषण लगायतका उन्नत जैविक परीक्षणहरू सञ्चालन गर्नेछन्।

यी अनुसन्धानहरूले माइक्रोग्राभिटीले शरीरका विभिन्न तहहरूमा पार्ने असर पहिचान गर्ने तथा सम्बन्धित रोगहरूको रोकथाम र उपचारका लागि आवश्यक जैविक संयन्त्र तथा सम्भावित हस्तक्षेप लक्ष्यहरू पहिल्याउने अपेक्षा गरिएको छ।

उता, टङ्गस्टन-हाफ्नियम मिश्र धातु, नरम चुम्बकीय सामग्री तथा आराम फेरोइलेक्ट्रिक एकल क्रिस्टल जस्ता सामग्री विज्ञानका नमुनाहरूमाथि वैज्ञानिकहरूले संरचनात्मक रूपविज्ञान, रासायनिक संरचना र अन्तरिक्ष प्रभावसँग सम्बन्धित भौतिक परिवर्तनहरूको परीक्षण गर्नेछन्।

अध्ययनहरूले गुरुत्वाकर्षणले सामग्रीको वृद्धि, तत्व पृथक्करण, ठोस दोषहरू, कार्यसम्पादन तथा विशेष अन्तरिक्ष वातावरणमा तिनको सेवा क्षमतामा पार्ने प्रभाव गहिरोसँग अन्वेषण गर्नेछन्। यी अनुसन्धानबाट प्राप्त हुने निष्कर्षहरूले उच्च-प्रदर्शन सौर सेल सुरक्षात्मक सामग्री, विकिरण-प्रतिरोधी अप्टिकल फाइबर, चन्द्र आधारका लागि निर्माण सामग्री तयारी प्रक्रियाजस्ता भविष्यका महत्त्वपूर्ण अन्तरिक्ष प्रविधि विकासलाई मजबुत आधार प्रदान गर्नेछ।

साथै, उपग्रह सञ्चारदेखि व्यापक अन्तरिक्ष अन्वेषणसम्मका क्षेत्रमा आवश्यक सैद्धान्तिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने अपेक्षा गरिएको ग्लोबल टाइम्सले जनाएको छ। रासस


## जनचेतनामुलक सन्देश

सामाजिक सञ्जालको दुरुपयोगबारे सचेत रहौं।
आफुले प्रयोग गर्ने मोबाईल, कम्प्युटरजस्ता विधुतीय उपकरण सधैं लगआउट गरौं।
अरुलाई आफ्नो एकाउण्टको पासवर्ड थाहा नदिउँ।
साथीभाई वा अन्यको फोटो तथा भिडियो खिच्नु अघि र सामाजिक सञ्जालमा राख्नु अघि र अनुमति लिऔं।
अपरिचित व्यक्तिको साथी बन्ने प्रस्ताव आए अस्वीकार गरौ।
सामाजिक सञ्जालमै चिनेको भरमा बोलाएको ठाउँमा भेट्न नजाउँ।
सामाजिक जिवनमा गर्न नमिल्ने काम तथा व्यवहार सामाजिक सञ्जालमा नगरौ।
सामाजिक सञ्जालमा देखिएका भ्रामक, आधिकारिकता नभएका सूचना सन्देश, फोटो तथा भिडियो शेयर नगरौ।
कसैको मर्यादा, प्रतिष्ठा तथा सम्मानमा आँच आउने खालका सूचना तथा सन्देश पोष्ट वा शेयर नगरौ।
शंकास्पद तथा अशोभनीय सन्देश प्राप्त भए प्रतिपाद गरौ र रेकर्डको लागि सुरक्षित राखौ।
सामाजिक सञ्जालको उपयोगमा सचेत बनौ र त्यसबाट हुनसक्ने अपराधिक कियाकलाप नियन्त्रण गरौ।

देवताल गाउँपालिका
पिप्राढीगोठ, बारा

## जनहितमा जारी सन्देश

- सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौं।
- घर निर्माण नदी घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौं।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं।
- बालश्रमको प्रयोग नगरौं नगराऔं।
- जेष्ठ नागरिकको सम्मान गरौं।
- अफ्नो घर परिसरमा कम्तीमा १ वटा बहु वार्षीय रुख बिरूवा रोपौं।
- महिला हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं।
- फोहोर बोक्ने सवारी साधान आएको बखत मात्र फोहोर बाहिर निकालौं।
- जथाभावी फोहोर नगरौं।
- भुकम्प प्रतिरोधि घर निर्माण गरौं।

विश्रामपुर गाउँपालिका, विश्रामपुर, बारा



## जनहितमा जारी सन्देश

- सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौं।
- घर निर्माण नदी घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौं।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं।
- बालश्रमको प्रयोग नगरौं नगराऔं।
- जेष्ठ नागरिकको सम्मान गरौं।
- अफ्नो घर परिसरमा कम्तीमा १ वटा बहु वार्षीय रुख बिरूवा रोपौं।
- महिला हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं।
- फोहोर बोक्ने सवारी साधान आएको बखत मात्र फोहोर बाहिर निकालौं।
- जथाभावी फोहोर नगरौं।
- भुकम्प प्रतिरोधि घर निर्माण गरौं।



फतुवा विजयपुर नगरपालिका, लक्ष्मिनिया (दो.) रौतहट



## जनहितमा जारी सन्देश

- सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौं।
- घर निर्माण नदी घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौं।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं।
- बालश्रमको प्रयोग नगरौं नगराऔं।
- जेष्ठ नागरिकको सम्मान गरौं।
- अफ्नो घर परिसरमा कम्तीमा १ वटा बहु वार्षीय रुख बिरूवा रोपौं।
- महिला हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं।
- फोहोर बोक्ने सवारी साधान आएको बखत मात्र फोहोर बाहिर निकालौं।
- जथाभावी फोहोर नगरौं।
- भुकम्प प्रतिरोधि घर निर्माण गरौं।



महागढीमाई नगरपालिका, बरियारपुर, बारा



## जनहितमा जारी सन्देश

- सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौं।
- घर निर्माण नदी घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौं।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं।
- बालश्रमको प्रयोग नगरौं नगराऔं।
- जेष्ठ नागरिकको सम्मान गरौं।
- अफ्नो घर परिसरमा कम्तीमा १ वटा बहु वार्षीय रुख बिरूवा रोपौं।
- महिला हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं।
- फोहोर बोक्ने सवारी साधान आएको बखत मात्र फोहोर बाहिर निकालौं।
- जथाभावी फोहोर नगरौं।
- भुकम्प प्रतिरोधि घर निर्माण गरौं।



परवानीपुर गाउँपालिका, परवानीपुर, बारा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ। - देवताल गाउँपालिका, बारा

# मधेस प्रदेशका मुख्यमन्त्रीको पद खारेजको मागसहित सात दलको विरोध प्रदर्शन

***शु.आ. सम्बाददाता***
***कलैया, ३० कार्तिक***



मधेस प्रदेशमा मुख्यमन्त्री सरोजकुमार यादवको असंवैधानिक नियुक्ति र प्रदेशसभा सभामुख रामचन्द्र मण्डलका पछिल्ला पदीय आचरणविपरीत कदमविरुद्ध सात दलीय गठबन्धनले बारा र रौतहटमा आइतबार कडा विरोध प्रदर्शन गरेका छन् ।

बाराको सदरमुकाम कलैयास्थित भरत चोकमा टायर बालेर प्रदर्शन गर्दा, रौतहटको गौर घण्टाघर क्षेत्र विरोधसभाले तनाबग्रस्त बनेको थियो । सात दलमा आवद्ध नेता-कार्यकर्ताले मुख्यमन्त्रीको तत्काल राजीनामा, प्रहरी दमनको छानबिन र दोषीमाथि कारबाहीको मागसहित नाराबाजी गरेका थिए ।

लोसपा नेपालका प्रदेश सचिव ओमलोक पटेलका अनुसार जनकपुरमा शान्तिपूर्ण प्रदर्शनका क्रममा भएको प्रहरी दमनमा दर्जनौं कार्यकर्ता घाइते बनेकोले त्यसबारे उच्चस्तरीय छानबिन आवश्यक भएको जनाइएको छ। गठबन्धनका नेताहरूले मुख्यमन्त्री सरोजकुमार यादवलाई संविधान विपरीत होटलमा बैठक गरेर नियुक्त गरिएको आरोप लगाउँदै तुरुन्तै राजीनामा दिन आग्रह गरे । त्यसैगरी सभामुख मण्डलले अविश्वासको प्रस्ताव दर्ता भएपछि सांसदहरूलाई पदमुक्त गर्ने जस्ता अवैधानिक कदम चालेको उनीहरूको आरोप छ ।

लोसपा नेता अनिल सिंहले "मुख्यमन्त्री र सभामुख दुवैलाई कुर्सीमा बसिरहने छुट कानुन र जनताले नदिने" बताउँदै नैतिकताको आधारमा तत्काल राजीनामा नदिए गठबन्धन अर्को चरणको संघर्ष मा जान बाध्य हुने चेतावनी दिए ।

विरोधमा नेपाली कांग्रेस, जसपा नेपाल, जनमत पार्टी, नेकपा माओवादी केन्द्र, लोसपा नेपाल, नेकपा एकीकृत समाजवादी र नागरिक उन्मुक्ति पार्टीका नेता-कार्यकर्ताको उल्लेख्य उपस्थिति रहेको थियो ।

# रौतहटमा सुरुङ खनेर दुई घरमा डाँका, १२ लाख बराबरको धनमाल लुटियो

***रौतहट, ३० कार्तिक***



रौतहटको वृन्दावन नगरपालिका-१ बलेरीमा शनिबार राति एकै समूहका चोरहरूले सुरुङ खनेर दुई घरमा प्रवेश गर्दै करिब १२ लाख रुपैयाँ बराबरको धनमाल लुटेको घटना बाहिर आएको छ ।

वडाध्यक्ष रामनाथ सहनीका अनुसार चोरहरूले पहिलो चरणमा ब्रह्मदेव चौधरीको घरको भित्तामुनि सुरुङ खनेर भित्र पसेका थिए। त्यहाँबाट करिब ७ लाख बराबरका सुन-चाँदीका गरगहना, ८० हजार नगद, र विभिन्न महत्वपूर्ण कागजात लिएर फरार भएका छन् । उक्त घटनापछि सोही समूहले छिमेकी दुखा राउत कुर्मीको घरमा पनि त्यही शैलीमा सुरुङमार्गबाट प्रवेश गरेको छ । कुर्मीको घरबाट करिब ४ लाख बराबरका गरगहना, ६ हजार नगद, मोबाइल फोन तथा कागजात चोरी भएको वडाध्यक्ष सहनीले बताए । पीडित चौधरीका अनुसार घटना भएको समयमा दुवै घरका सबै सदस्यहरू गहिरो निद्रामा थिए। चोरहरूले घरभित्र रहेका लत्ता-कपडा समेत खेततर्फ फालेको स्थानीयले बताएका छन् ।

लगातार यस प्रकारका चोरीका घटनाले बलेरीवासी त्रसित र असुरक्षित महसुस गरिरहेका छन् । स्थानीयवासीले तत्काल सुरक्षा व्यवस्था कडाइ गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छन् ।

# प्रसौनी गाउँपालिकामा ५०% अनुदानमा गहुँको बिउ वितरण : किसानमा खुशी

***शु.आ. सम्बाददाता***
***बारा, ३० कार्तिक***



प्रसौनी गाउँपालिकाले आफ्ना स्थानीय कृषकलाई लक्षित गरी ५० प्रतिशत अनुदानमा उपलब्ध गराइने गहुँका बिउ आइतबार एक औपचारिक कार्यक्रममार्फत वितरण गरेको छ । आईतबार सम्पन्न उक्त वितरण कार्यक्रममा किसानहरूको उल्लेखनीय उपस्थिति थियो ।

कार्यक्रमका प्रमुख अतिथि गाउँपालिका अध्यक्ष विनोद प्रसाद जैसवालले कृषि नै गाउँपालिकाको मुख्य आधार भएकाले उत्पादन वृद्धि र आय वृद्धिका लागि किसानमैत्री कार्यक्रमलाई प्राथमिकतामा राखिएको बताउनुभयो । उहाँले कृषकलाई गुणस्तरीय बिउ, प्रविधि, तालिम र आवश्यक सहयोगका कार्यक्रमहरू निरन्तर अघि बढाइने प्रतिबद्धता जनाउनुभयो ।

यस वर्षका लागि गाउँपालिकाले एन.एल. र 'विजय' जातका उच्च उत्पादन क्षमता भएका गहुँका बिउ किसानलाई ५० प्रतिशत अनुदानमा उपलब्ध गराइरहेको छ। बिउ वितरण प्रक्रियामा कृषि शाखा प्रमुख सुनिल महतो र लेखा प्रमुख प्रेमबाबु प्रसाद सक्रिय रूपमा संलग्न रहेका थिए ।

कृषि शाखाका अनुसार योग्यतामान्य किसानले समयमै निवेदन दिएका आधारमा बिउ प्राप्त गर्दै आएका छन् । बिउ वितरण निरन्तर जारी रहेको र निवेदन दिएका कृषकले आफ्नो बिउ तोकिएको समयमा अनिवार्य रूपमा लिन जान आग्रह गरिएको छ ।

किसानहरूले सहुलियत दरमा उपलब्ध गराइएको बिउले यस वर्ष उत्पादनमा सकारात्मक प्रभाव पार्ने आशा व्यक्त गरेका छन् । गाउँपालिकाले कृषि आधुनिकीकरणका थप कार्यक्रम पनि अघि ल्याउने तयारी गरिरहेको जनाएको छ ।

विज्ञापनको लागि हामीलाई सम्झिनुहोस् ।
सम्पर्क नम्बर : ९८४५२२६३०५

व्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।

# जिराभवानी गाउँपालिका-१ बलुवाबाट ४५० थान अवैध मोबाइल सशस्त्र प्रहरीद्वारा बरामद

***राजन कुमार बानिया***
***पर्सा, ३० कार्तिक***



पर्साको जिराभवानी गाउँपालिका-१ बलुवामा सशस्त्र प्रहरीले आज बिहान ठूलो मात्रामा अवैध किप्याड मोबाइल सेट बरामद गरेको छ। भन्सार छली गरी भारतबाट भित्र्याउँदै गरिएको अवस्थामा मोबाइलहरू धानबारीमा लुकाइराखेको अवस्थामा भेटिएको हो ।

सशस्त्र प्रहरी बोर्डर आउट पोस्ट महादेवपट्टिबाट निरीक्षक हरि चन्द्र खड्काको नेतृत्वमा गएको गस्ती टोलीले ४५० थान 'लाभा' कम्पनीको किप्याड मोबाइल बरामद गरेको सशस्त्र प्रहरीले जनाएको छ ।

सशस्त्र प्रहरी बल १३ नम्बर गणका उपरीक्षक पुरन चन्द्र भट्टका अनुसार बरामद मोबाइलको मूल्य करिब ९ लाख रुपैयाँ आकंलन गरिएको छ । बरामद गरिएको सामानलाई आवश्यक प्रक्रिया पूरा गरी बिरगंज भन्सार कार्यालय पठाइएको उनले जानकारी दिए ।

सशस्त्र प्रहरीले सीमावर्ती क्षेत्रमा भन्सार छली तथा तस्करी नियन्त्रणका लागि निगरानी अझ कडा पारेको जनाएको छ ।

# जनमत पार्टी कलैया-१४ बघवनमा १९ सदस्यीय बुथ युवा दस्ता गठन

***शु.आ. सम्बाददाता***
***बारा, ३० कार्तिक***



कलैया उपमहानगरपालिका-१४ को बघवन बुथमा जनमत पार्टीले आईतबार जेन-जी पुस्ताका युवाहरूको भेला सम्पन्न गर्दै १९ सदस्यीय बुथ युवा दस्ता औपचारिक रूपमा गठन गरेको छ । संगठन सुदृढीकरण र स्थानीय संरचना विस्तारलाई लक्षित गर्दै आयोजना गरिएको भेलाले निरंजन ठाकुरलाई संयोजक र नितेश राउतलाई उप-संयोजकमा चयन गरेको जनमत पार्टीका स्थानीय कार्यकर्ता बिन्दालाल जयसवालले जानकारी दिएका छन् ।

युवा दस्ताको घोषणासँगै स्थानीय तहमा पार्टी गतिविधिलाई बढी प्रभावकारी र जनमुखी बनाउने उद्देश्य राखिएको बताइएको छ । नयाँ नेतृत्वलाई स्वागत गर्दै बुथ क्षेत्रका युवाले सक्रिय राजनीतिक पहलकदमी तथा जनताको समस्यामा प्रत्यक्ष संलग्न भएर काम गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

उक्त कार्यक्रममा जनमत पार्टीको जिल्ला ईन्चार्ज शिवनाथ पटेलले युवाशक्ति नै संगठन सुदृढीकरणको मेरुदण्ड भएको उल्लेख गर्दै "स्थानीय बुथबाटै वास्तविक जनमत निर्माण हुन्छ, अनि त्यसकै आधारमा प्रदेश र केन्द्रमा प्रभावकारी राजनीति मात्र सम्भव हुने बताएका छन् ।

त्यसैगरी पुर्व प्रदेश सभा सदस्य एवम् जनमत नेता पारस साहले मधेसमा राजनीतिक चेतनाको स्तर बढिरहेको बताउँदै जनमत पार्टीले उठाउँदै आएका मुद्दामा युवाको सहभागिताले थप विश्वसनीयता बढ्ने बताएका छन् । "युवाहरूले संगठनलाई गतिशील बनाउनेछन्, पार्टीलाई जनतासँग अझ नजिक लैजानेछन् ।

संविधानसभा सदस्य एवम् जनमत नेता प्रमोद गुप्ताले जनमत पार्टी युवा-केन्द्रित राजनीति अघि बढाइरहेको बताउँदै आगामी राजनीतिक यात्रामा बुथस्तरका युवाहरू निर्णायक बन्ने दाबी गरेका छन्। उनले पार्टीको नीति, कार्यक्रम र जनताको मुद्दा उठाउने अभियानमा युवालाई अग्रस्थान दिने रणनीतिको समेत चर्चा गरेका थिए ।

स्थानीय तहमा संगठन सुदृढीकरणको तयारी

नवगठित १९ सदस्यीय युवा दस्तालाई सक्रियतापूर्वक बुथमा परिचालन गर्ने, स्थानीय समस्या पहिचान गर्ने, जनतासँग प्रत्यक्ष सम्पर्क विस्तार गर्ने र पार्टीका कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्ने जिम्मेवारी दिइएको छ ।

पार्टीका अनुसार बुथस्तरमा संगठन विस्तार अभियान हाल बारा, पर्सा र रौतहट जिल्लामा तीव्रगतिमा चलिरहेको छ ।

युवाहरूको भूमिका र अपेक्षा

गठन कार्यक्रममा सहभागी युवाहरूले आफ्नो ऊर्जा, क्षमता र स्थानीय अनुभूतिको प्रयोग गर्दै संगठनलाई तल्लो तहसम्म सुदृढ बनाउने अभिव्यक्ति दिए । उनीहरूले आगामी चुनावी तयारी, स्थानीय मुद्दा उठाउने काम तथा जनतासँग नियमित भेटघाटलाई प्राथमिकतामा राख्ने बताएका छन् ।

नेताहरूले नवगठित युवा दस्ताले पार्टीको संगठनात्मक संरचना बलियो बनाउँदै मधेसकेन्द्रित राजनीतिक मुद्दामा प्रभावकारी भूमिका खेल्ने विश्वास व्यक्त गरिएको छ ।

# मधेश प्रदेशसभाबाट पदमुक्त गरिएका ५ सांसद रिट लिएर सर्वोच्चमा

***बिरगंज, ३० कार्तिक***




मधेश प्रदेशसभाबाट पाँच सांसदलाई नियमित १० बैठकमा अनुपस्थित भएको भन्दै सभामुख रामचन्द्र मण्डलले पदमुक्त गरेपछि ती सांसदहरूले रिट लिएर सर्वोच्च अदालत पुगेका छन् ।

सांसदहरू उर्मिला देवी सिंह, मनिषकुमार सुमन, सञ्जयकुमार यादव, सिंहासन सा. कलवार र शारदाशंकर प्रसाद कलवारको पद २०८२ कात्तिक २७ गतेदेखि रिक्त भएको सूचना प्रदेशसभाले प्रकाशित गरेको थियो । सोही सूचना नेपाल राजपत्रमा पनि प्रकाशित भइसकेको छ । सांसदहरूले पेश गरेको रिट निवेदन हाल दर्ता हुने प्रक्रियामा रहेको छ । रिटमा उनीहरूले सभामुखको निर्णयलाई चुनौती दिएका छन् ।

प्रदेशसभाबाट पदमुक्त हुने यो घटना राजनीतिक रुपमा चासोको विषय बनेको छ र सर्वोच्च अदालतको निर्णयमा सबैको ध्यान केन्द्रीत रहेको छ । सँम्भार: रेस खबर

मो.सा चलाउँदा हेल्मेटको अनिवार्य प्रयोग गरौं ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - सुवर्ण गाउँपालिका, बारा